**नेको इन्सुरेन्स लिमिटेड**

सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ उपदफा (३) र

नियमावलीको नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

**(अवधी: २०८२ बैशाख-आषाढ)**

| | | |
|---|---|---|
| १ | कम्पनीको स्वरूप र प्रकृति: | यस कम्पनी, कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीको रूपमा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई नेपाल बीमा प्राधिकरणबाट स्वीकृति प्राप्त निर्जीवन बीमा कम्पनी हो । |
| २ | कम्पनीको काम, कर्तव्य र अधिकार: | बीमा ऐन, २०७९, कम्पनी ऐन, २०६३, बीमा नियमावली, २०८१ एवं अन्य प्रचलित कानूनका तथा नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशनहरूको अधिनमा रही प्रवन्ध पत्रमा उल्लेखित उद्देश्यहरूको प्राप्तिको लागि निर्जीवन बीमा व्यवसाय गर्ने । |
| ३ | कम्पनीमा रहने कर्मचारी संख्या कार्य विवरण: | यस कम्पनीमा ५७३ जना कर्मचारी कार्यरत रहेका छन् र कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भईरहको छ । व्यवस्थापन समूहको नाम र पद कम्पनीको वेभसाइट www.neco.com.np मा उपलब्ध छ । |
| ४ | कम्पनीबाट प्रदान गरिने सेवा: | निर्जीवन बीमा व्यवसायको इजाजत पत्रमा उल्लेखित सम्पत्ति, मोटर, सामुद्रिक, इन्जिनियरिङ, हवाई, कृषि तथा विविध बीमालेख जारी गर्ने, बीमा दावी फछ्र्यौट गर्ने, निर्जीवन बीमा अभिकर्ताहरूको तालिम संचालन गर्ने लगायतका नेपाल बीमा प्राधिकरणद्वारा तोकिएका अन्य सेवाहरू प्रदान गर्दै आएको छ । |
| ५ | सेवा प्रदान गर्ने कम्पनीको शाखा र जिम्मेवार अधिकारी: | यस कम्पनीले हालसम्म केन्द्रीय कार्यालय सहित १२१ शाखा/उपशाखा/सम्पर्क कार्यालय/एक्स्टेन्सन काउण्टरहरूबाट निर्जीवन बीमा सेवा प्रदान गरिरहेको छ । सेवा प्रदान गर्ने शाखाहरू तथा जिम्मेवार अधिकारीहरूको नामावली यस कम्पनीको वेबसाइट www.neco.com.np मा उपलब्ध छ । |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी: | नेपाल बीमा प्राधिकरणबाट बीमादर जारी गरिएका बीमा सेवामा तोकिए अनुसार बीमाशुल्क निर्धारण गरी एक बर्ष वा सो भन्दा कम अवधिको लागि बीमा सेवा प्रदान गर्ने गरिएको छ भने अन्य बीमाका हकमा कम्पनीले जोखिम मूल्यांकन गरी बीमाशुल्क लिने गरिएको छ । दावी भुक्तानीको हकमा सर्भेयर प्रतिवेदन तथा आवश्यक कागजात प्राप्त भएको मितिले साधारणतया ३५ दिन भित्र भुक्तानी गरिनेछ । साथै, सानातिना दावीहरूको लागि Spot Payment को योजना लागु गरिएको छ । |
| ७ | निर्णय गर्ने प्रकृया र अधिकारी: | यस कम्पनीले गर्ने बीमा कारोबारहरूको सम्बन्धमा गरिने विभिन्न निर्णयहरू विभिन्न तहका कर्मचारीहरूले निर्णय गरिने विषय बस्तुको प्रकृतिको आधारमा निर्णय लिने व्यवस्था एवं प्रकृया मिलाइएको छ । अन्य एवं विशेष निर्णयहरूको हकमा निर्णय गरिने विषयवस्तुको प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत, कम्पनीमा कार्यरत विभिन्न समिति तथा उपसमिति तथा संचालक समितिबाट आवश्यक निर्णयहरू लिने गरिएको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी: | उजुरीको प्रकृतिको आधारमा सम्बन्धित विभागीय प्रमुखको निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख कार्यकारी अधिकृत रहेका छन् भने प्रमुख कार्यकारी अधिकृतको निर्णय उपर संचालक समितिमा उजुरी गर्न सकिनेछ । |
| ९ | सम्पादन गरेको कामको विवरण: | बीमा ऐन, २०७९, नियमावली, २०८१ तथा नेपाल बीमा प्राधिकरणले तोके बमोजिम निर्जीवन बीमासंग सम्बन्धित कारोवारहरू । |

| | | |
|---|---|---|
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पद: | ग्राहकहरूलाई आवश्यक सूचना प्रदान गर्न निम्न अधिकारीलाई तोकिएको छ ।<br>सूचना अधिकृत: श्री विष्णु प्रसाद धिताल<br>पद: मुख्य प्रवन्धक<br>प्रमुख: श्री अशोक कुमार खड्का<br>पद: प्रमुख कार्यकारी अधिकृत |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि: | कम्पनी ऐन, २०६३, धितोपत्र ऐन, २०६३ तथा नियमावली, २०६४, श्रम ऐन, २०७४ तथा नियमावली, २०७५, बोनश ऐन, २०३० तथा नियमावली, २०३९, आयकर ऐन, २०५८ तथा नियमावली, २०५९, मूल्यअभिबृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३, बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०७९, नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०८०, सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिन, २०८१, कम्पनीको कर्मचारी सेवा विनियमावली, २०८१, आर्थिक प्रशासन विनियमावली, २०७८ तथा नेपाल बीमा प्राधिकरण एवं कम्पनीको संचालक समितिद्वारा जारी निर्देशन, नीति नियम तथा विनियमहरू । |
| १२ | आम्दानी खर्च तथा आर्थिक कारोवारहरू सम्बन्धि अद्यावधिक विवरण: | यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवारहरू सम्बन्धी त्रैमासिक विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ र त्यसरी प्रकाशित आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक विवरण यस कम्पनीको वेवसाइट www.neco.com.np मा समेत राखिएको छ । |
| १३ | तोकिए बमोजिमका अन्य विवरण: | अन्य विवरण नभएको । |
| १४ | अघिल्लो आर्थिक बर्षमा कम्पनीले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण | यस अवधीमा कम्पनीले कर्मचारी तालिम, अभिकर्ता तालिम, अन्तर्कृया आदि गरेको थियो । |
| १५ | कम्पनीको वेभसाइट भए सो को विवरण: | www.neco.com.np |
| १६ | कम्पनीले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण | यस कम्पनीले वैदेशिक सहायता, ऋण, अनुदान प्राप्त गरेको छैन । पुनर्बीमाको लागि Ocean Re, Barbados को अगुवाइमा अन्य पुनर्बीमकहरूसँग पुनर्बीमा संझौता गरेको छ । |
| १७ | कम्पनीले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन | कम्पनीको त्रैमासिक प्रतिवेदन राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन एवं कम्पनीको वेभसाइटमा राखिने छ । |
| १८ | कम्पनीले बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | हाल सूचना बर्गिकरण गरिएको छैन । |
| १९ | कम्पनीमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | उक्त अवधीमा कुनै सूचना माग नभएको । |
| २० | कम्पनीका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण: | राष्ट्रिय स्तरको पत्रपत्रिका तथा यस कम्पनीको वेभसाइट www.neco.com.np |